# आ. व. २०७९/०८० को आय व्ययको अनुमानित विवरण

**वालिङ नगरपालिका नगरकार्यपालिकाको कार्यालय**

**वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल**

**मिति २०७९ असार ९ गते**

**नगर सभा बैठकका सभाअध्यक्षज्यू ,**
**नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु !**

जनताले मनमस्तिकले छुने, देख्ने तथा अनुभूत गर्ने सरकार नै स्थानीय सरकार हो। यो नागरिकको समस्यासँग सबैभन्दा नजिक र प्रत्यक्ष सरोकार राख्ने सरकार पनि हो । स्थानीय सरकारले नागरिकहरुको घरआँगनमा पुगेर सेवा दिने र समस्याहरुको नजिकबाट शीघ्र अवलोकन र सम्बोधन समेत गर्ने हुँदा जनतालाई सरकारको वास्तविक उपस्थितिको प्रत्याभूति समेत दिलाएको हुन्छ। त्यसैले स्थानीय सरकार कानून तर्जुमा, सेवा प्रवाह, विकास र विपद व्यवस्थापनमा निरन्तर सक्रिय छन ।

नेपालको संविधानमा भएका नीतिगत व्यवस्था, मौलिक हक, निर्देशक सिद्धान्त, संविधानको अनुसूचीमा उल्लेख भएका विषय, स्थानीय तहको अद्यावधिक प्राथमिकता, सङ्घ र प्रदेश सरकारका आवधिक योजनाको प्राथमिकता, स्थानीय आवश्यकता, सम्भावना, सङ्घीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम, बजेट र दिगो विकासले अवलम्बन गरेका विषयहरुलाई अबलम्बन गरी वार्षिक बजेट तर्जुमा एवं कार्यका आधारमा बजेट तर्जुमा गर्ने प्रावधान रहेको छ ।

वालिङ नगरपालिकाको आ. व. २०७९/०८० को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा बजेटको पूर्व शर्त तथा कार्यक्रमको मार्गदर्शनको रुपमा रहेको नीति तथा कार्यक्रम सभाको बैठकमा प्रस्तुत भई पारित भइसकेको छ । नगर सभा बैठकमा बजेट पेश गर्नु पूर्व सभामा लोकतन्त्र, जनजीविका, समता, समानता र सामाजिक न्याय प्राप्तिमा विचार दिने विचारकप्रति सम्मान तथा सोका लागि सञ्चालित आन्दोलनमा निःशर्त जीवन वलिदान गर्ने सम्पूर्ण सहिदहरुप्रति हार्दिक सम्मान तथा श्रद्धा अर्पण गर्न चाहन्छौ ।

नेपालको संविधान अनुसार स्थानीय तहको दोस्रो पटक २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनमा सरिक भई आफ्नो अमूल्य मताधिकार प्रयोग गरी वालिङ नगरपालिकाको भावी विकासको अभिभारा हाम्रो काँधमा सुम्पनु भएका सम्पूर्ण नगरवासीज्यूहरुप्रति कृतज्ञा प्रकट गर्दछौ ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

अव म यस सम्मानित सभामा आगामी आ. व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने कानुनी आधार, हाम्रो अभ्यास, बजेट तथा कार्यक्रम र कार्यान्वयन पद्धति पेश गर्ने अनुमति चाहन्छु । नेपालको संविधानको धारा २२९ मा स्थानीय तहको सञ्चित कोष र सो कोषबाट धारा २३० अनुसार नगरपालिकाको राजस्व र व्ययको अनुमान यस नगर सभामा पेश गर्ने संवैधानिक प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन,

२०७४, अन्य क्षेत्रगत कानुनहरु, अर्थ मन्त्रालयको मार्गदर्शन, स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन, नगरपालिकाको आर्थिक व्यवस्थापन ऐन २०७७, विनियोजन ऐन २०७७ समेतका आधारमा वालिङ नगरपालिकाको आ. व. २०७९/०८० को राजस्व तथा व्ययको अनुमान प्रस्ताव गर्ने संबैधानिक तथा कानुनी आधार रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमाका आधारमा नीति तथा कार्यकर्मको परिधिमा रही बजेट तथा कार्यक्रम तर्जूमा समितिबाट पेश भई नगर कार्यपालिकाबाट नगर सभामा पेश हुन स्वीकृत बजेट तथा कार्यक्रम नै यस सभामा पेश गरिएको छ । यस बजेट विनियोजनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,सङ्घ तथा प्रदेशले जारी गरेका नीति, मापदण्ड तथा कानुन,अन्तर सरकारी वित्त हस्तान्तरण ऐन, २०७४,सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६, स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन,दिगो विकासका लक्ष्यहरू, राजस्व परामर्श समितिको प्रतिवेदन, तीन वटै सरकारले गरेका प्रतिबद्धता, सन्धि र सम्झौता, बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकता,बजेट तर्जुमाका विगतका परिपाटीहरूले मार्गदर्शन गरेका छन । साथै वालिङ नगरपालिकाका स्थानीय तहको आर्थिक ऐन (५ वर्षको), स्थानीय तहको विनियोजन ऐन (५ वर्षको), आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ सार्वजानिक निजी साझेदारी सम्बन्धमा गर्न बनेको ऐन, २०७५, आन्तरिक आय संकलन तथा आय(ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७७ ले समेत बजेट तर्जुमा पद्धतिलाई आन्तरिकीकरण गरेका छन । तसर्थ यिनै कानुनले तोकेको प्रावधान र अभ्यासमा केन्द्रित रही नतिजामूलक एवं सरोकारवालाको सहभागितामूलक विनियोजनका साथमा कुशल कार्यान्वयनका लागि मार्ग तय भएको तथ्य जानकारी गराउँदछु ।

लोकतान्त्रिक शासन आफैमा प्रतिनिधिमुलक शासन प्रणाली हो । यस शासकीय प्रणालीमा सबै जाति, वर्ग, लिङ्ग, धर्म र वर्ण भएका नागरिकहरुको प्रतिनिधित्व हुन्छ र जनसहभागिता लोकतन्त्रको अर्को सौन्दर्य हो । यिनै लोकतन्त्रको विधि र परिधिमा रहेर तथा जनसहभागितालाई आत्मसात गरेर वडा वस्तीस्तरमा स्थानीय बासिन्दाको सहभागिताबाट योजना र कार्यक्रम छनौट गरिएको छ । यस प्रक्रियाले नागरिकहरुको Right, Choice र Voice लाई आत्मसम्मान गरेको छ । जनताकै सामु गरिएका बाचा र प्रतिबद्धतामा केन्द्रित भएर कानुनको परिपालनामा जनमनको आवश्यकता र मागमै आधारित रही प्राप्त योजना र कार्यक्रमलाई प्राथमिककीकरण गरी कार्यक्रम छनौट र बजेट विनियोजन गरिएको छ । यस सभामा समेत वडास्तरमा योजना छनौट प्रक्रियामा संलग्न पदाधिकारीहरु रहेको छौं, सभाबाट हामीले नै पारित तथा स्वीकृत गरी कार्यान्वयन पनि हाम्रै प्रत्यक्ष सुपरिवेक्षण, अनुगमनमा गर्ने गरिएको छ । त्यसको मूल्यांकन समेत हामी स्वयम्, तेस्रो पक्ष,

नागरिक समाज, मिडियाकर्मी तथा नगरवासीको तहबाट पनि हुँदै आएको छ। हाम्रो यस अभ्यासलाई कायम राख्न सवल पक्षको प्रबर्द्धन र आलोच्य पक्षको सुधार गर्नु नै हामी निर्वाचित पदाधिकारीहरुका लागि पृष्ठपोषण तथा मार्गदर्शन रहेको छ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**
अब आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटका सिद्धान्तहरु तथा प्राथमिकता प्रस्तुत गर्दछु। यस आ. व. २०७९/०८० को आय व्ययका सिद्धान्तहरु निम्नानुसार रहेका छन :

- लगानी, जनशक्ति, पूर्वाधार विकास र रोजगारी।
- स्थानीय उत्पादनको बजारीकरण, सीप विकास र विपन्न वर्गलाई संरक्षणसहित आय आर्जन
- सुशासनको अभिवद्धि गर्दै सेवा प्रवाहलाई सेवामैत्री र जनमुखी।
- शिथिल भएको स्थानीय अर्थतन्त्रको पुनरुत्थानका लगानीमैत्री वातावरण र रोजगारी ।
- शिक्षा, स्वास्थ्य र जनजीविकाको उन्नयन र लगानी।
- तहगत सरकार एवं विकास साझेदारसँग सहकार्य तथा समन्वय।
- स्मार्ट वालिङको मार्गचित्र कार्यान्वयन र सूचक प्राप्ति।
- नगरको बृहत योजनाको क्षेत्रगत विकास( Spatial Planning) का आधार तथा रणनीति

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**
माथि उल्लेखित उद्धेश्य हाँसिल गर्न देहाय अनुसार क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु।

१. स्वरोजगार, सीप विकास, आय आर्जनमा आबद्ध गर्दै मानव पुँजी तथा संशाधनको विकासका लागि साझेदारीमा लगानी प्रबर्द्धन गर्ने।
२. स्थानीय उत्पादनको बढोत्तरीका लागि आयोजना बैक (Project Bank) लगानीका मापण्ड तय गरी लगानी सम्मेलनबाट बाह्य लगानी आकर्षित गरिने।
३. तहगत सरकार तथा विकास साझेदारबाट उपलब्ध कार्यक्रमलाई भौतिक तथा पूर्वाधार क्षेत्रका आयोजनामा परिचालन गरिने
४. स्थानीय गौरवका आयोजनाहरुमा वैदेशिक सहायता परिचालन गरी नागरिहरुको आर्थिक तथा सामाजिक विकासमा जोड दिइने। सामाजिक सुरक्षा तथा कल्याणका कार्यक्रममार्फत लक्षित, निमुखा, विपन्न तथा सीमान्तीकृत वर्गलाई सामाजिक न्याय प्रदान गरिने।

५. कृषि तथा पशु विकास क्षेत्रमा लगानी बढोत्तरी गर्दै कृषक तथा उद्दमीहरुलाई उत्पादन र बजारसँग आबद्ध गरिने ।

६. सूचना प्रविधिको विस्तार, गुणस्तरीय खानेपानी, पर्यटन क्षेत्रको प्रबर्द्धन, पूर्वाधारमा मार्फत विकास प्रक्रियालाई अघि बढाउने ।

७. योजना तथा कार्यक्रमलाई बहुवर्षीय, रणनैतिक तथा प्राथमिकीकरणका आधारमा कार्यान्वयन गरिने

८. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र उत्तरदायी तथा सर्वसुलभ बनाई नागरिकको पहुँच अभिवृद्धि गर्दै सुशासन कायम गर्ने ।

**अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अब आगामी आर्थिक वर्ष २०७९/०८०को वित्तीय व्यवस्था आगामी आ.व.का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत निम्नानुसार रहेको छ । आ. व. २०७९/०८० मा नेपाल सरकारबाट प्राप्त भएका तपसिल समानीकरण अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाटबाट प्राप्त हुने रकम तथा प्रदेश सरकारबाट नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदान,राजस्व बाँडफाटबाट प्राप्त हुने रकम, अन्य सरकारी निकायबाट प्राप्त हुने रकम, गैरसरकारी निकायबाट प्राप्त हुन निश्चित भएको रकम र आन्तरिक आय र सञ्चित कोषमा समावेश गरी खर्च गर्नु पर्ने र हिसाव राख्नुपर्ने सम्पूर्ण रकम नै खर्च व्यहोर्ने स्रोतका रुपमा रहेका छन ।

**तपसिल**

| क्र सं | आय शीर्षक/स्रोत | अनुमान बजेट रु |
|---|---|---|
| | आन्तरिक आय | 62655000.00 |
| | अल्या गत वर्षको | 60000000.00 |
| | संघीय सरकार राजस्व बाँडफाँड | 124758000.0 |
| | समपूरक अनुदान | 22000000.00 |
| | वित्तीय समानीकरण अनुदान | 173200000.0 |
| | विशेष अनुदान | 8000000.00 |
| | सशर्त अनुदान | 422500000.0 |
| **जम्मा** | | **873113000.00** |
| प्रदेश सरकार | प्रदेश सरकार राजस्व बाँडफाँड | 14029000.00 |
| | प्रदेश सरकार समानीकरण अनुदान | 21078000.0 |
| | प्रदेश सरकार समपूरक अनुदान | 5000000.00 |

| | | |
|---|---|---|
| | प्रदेश सरकार ससर्त अनुदान | 5000000.0 |
| **जम्मा** | | **45107000.00** |
| **कूल जम्मा** | | **918220000.0** |

आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति मध्यकालीन खर्च संरचना बजेट तथा कार्यक्रम समितिबाट प्राप्त बजेट सीमा, मार्गदर्शन र योजना प्राथमिकीकरणका आधार, विज्ञहरुको राय सल्लाह, विषयगत समितिबाट प्राथमिकीकरण गरी क्षेत्रगत रुपमा विनियोजन गरिएको छ अब म प्रस्तुत बजेट स्रोत तथा नीति तथा योजना कार्ग्रमहरुकमो अधीनमा रही नगरसभा सार्वजनिकीकरण कार्यक्रममार्फत रु ९१,८२,२०,०००।० (एकानब्बे करोड वयासी लाख वीस हजार) को बजेट संक्षेपीकरण प्रस्तुत गर्दैछु । आगामी आ.व.को २०७९/०८० को लागि संघीय सरकारबाट प्राप्त समानीकरण अनुदानको स्रोतबाट नगरका वडाहरुलाई रु.६०५०००००। विनियोजन गरिएको छ र शर्सत अनुदान समेतको क्षेत्रगत रुपमा निम्न शीर्षकमा विनियोजन गरी कार्यक्रमहरुको कार्यान्वयनमा व्ययभारको व्यवस्था मिलाइने छ ।

| क्र सं | क्षेत्र | विनियोजित बजेट रु |
|---|---|---|
| १ | आर्थिक विकास | 86000000.00 |
| २ | सामाजिक विकास | 451378000.00 |
| ३ | पूर्वाधार विकास | 162300000.00 |
| ४ | वडा स्तरिय कार्यक्रम | 60500000.0 |
| ५ | सुशासन तथा अन्तरसम्न्धी क्षेत्र | 13284000.00 |
| ६ | वातावरण तथा विपद् व्यवस्थापन | 20000000.00 |
| ७ | कार्यालय संचालन तथा प्रशासनीक | 124758000.0 |

आगामी आ.व. को व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र स्रोतगत समेत) विनियोजन विधेयक २०७९/०८० यसै साथ रहेको छ। आगामी आर्थिक वर्ष २०७९/०८० को वित्तीय व्यवस्था अन्तर्गत गरिएका विनियोजन भएका क्षेत्रगत कार्यक्रमहरुको विवरण सार संक्षेपमा निम्नानुसार छन ।

**स्वास्थ्य क्षेत्रमा विनियोजन**

सबै नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच सुनिश्चित गर्दै सम्पूर्ण सेवालाई घरदैलोमा पुग्ने गरी कार्यक्रममा बजेट विनियोजन गरिएको छ । ज्येष्ठ तथा दीर्घ रोगीहरुको नियमित स्वास्थ परीक्षण, स्वास्थ्य केन्द्रको भवन निर्माण, सुत्केरी एम्वुलेन्स, स्वास्थ्य बीमा कार्यक्रमको पहुँच, क्यान्सर, दम, मिर्गौला कलेजो र महिलाहरुको पाठेघरसम्बन्धी रोगको रोकथाम, पहिचान, परीक्षण र उपचार, क्षयरोग मुक्त पालिका, स्थानीय जडिबुटी

प्रशोधन कार्यक्रम, योगा विस्तार कार्यक्रम, गहौँ प्राथिमक अस्पतालमा CEONC सेवा विस्तार, ज्येष्ठ नागरिक उपचार सेवा, स्कुल नर्स कार्यक्रम, No Home Delivery कार्यक्रम आदि कार्यक्रमहरुमा बजेट विनियोजन गरिएको छ।

**शिक्षा क्षेत्रमा विनियोजन**

**यस क्षेत्र अन्तर्गत** प्राविधिक जनशक्ति उत्पादन, सीप विकास, विद्दालयहरुको समग्र व्यवस्थापन ( Total Management ) मा तेस्रो पक्ष (Third Party Evaluation) मूल्यांकन , नमुना विद्दालयमा स्वास्थ्य स्वास्थकर्मीसहित उपचार तथा परीक्षण केन्द्र स्थापना, प्रतिभाको खोजी (Talent Hunt ) कार्यक्रम, शैक्षिक केन्द्रहरु Virtual Learning Platform, शिक्षक पेसागत वृत्तिका लागि Career Counselling progrmme, बिद्यालयमा E- Governance सुशासन, इ लर्निङ कार्यकक्ष, प्रोत्साहनमा आधारित अनुदान, विद्यालयमा स्कुल नर्स कार्यक्रम लागू, अपाङ्ग तथा विशेष शिक्षामा लगानी, प्रत्येक स्कुलमा इन्टरनेट र कम्प्युटर, निजी र सामुदायिकबीच Learning Platform कार्यक्रममा बजेट विनियोजन गरिएको छ।

**कृषि तथा पशु विकासमा विनियोजन**

यस क्षेत्रमा फलफुल, तरकारी, मसला बाली र पशुपालन पकेट क्षेत्र कार्यक्रम सञ्चालन, स्थानीय कृषि पहुँचमार्ग निर्माण, कृषि एम्बुलेन्स तथा संकलन केन्द्र स्थापना, उद्दमी पुँजी सुरक्षित, स्थानीय कृषि उत्पादनको ब्राण्डीङ, प्याकेजिङ र बजारीकरण कार्यक्रम, कृषकहरुलाई स्रोत व्यक्तिको रुपमा प्रशिक्षण, नगरपालिकाको १४०० मिटर माथिका भूभागमा दुई खेती आलु उत्पादन कार्यक्रम, ८०० मिटर मुनि जमिनमा चैतेखेती धान बीउ उत्पादन, पशु बीमा, नश्ल सुधार तथा कृषि बीमा, GIS पद्धतिद्वारा भूमिको वर्गीकरण गरी गरी कृषि क्षेत्रको विशेष संरक्षण कार्यक्रम , कृषकहरुलाई यन्त्र वितरण, हाते ट्याक्टर तालिम, मौसमी तथा बेमौसमि तरकारी उत्पादन कार्यक्रम, बीउ,पुँजी तथा तालिम व्यवस्थापन , जैविक तथा प्राङ्गारिक मल उत्पादन, फसल वा वस्तुका आधारमा मात्र अनुदानजस्ता कार्यक्रमहरुमा बजेट बिनियोजन गरिएको छ।

**उद्यमशीलता, रोजगारी तथा सीप विकासमा विनियोजन**

नगरका व्यावसाय, सीप र ज्ञान, सोच, सीप भएका व्यक्तिहरुको व्यवसायिक इफिसियन्सी परीक्षण गरी Invest for Potentiality कार्यक्रममार्फत उद्यमीहरुको बढोत्तरी गर्न खोजिएको छ। यस क्षेत्रमा नव प्रवर्तन पुँजी कोष निर्माण, ईन्नोभेसन च्यालेन्ज फण्ड परिचालन, नगर भित्रका रोजगारदाताहरुको म्यापिङ् तथा रोस्टर तथा प्रोफाइल, अनलाइन बजारीकरण, तालिम तथा विउ पुँजी र प्रविधि तथा आय आर्जन, Start Up Business कार्यक्रम, नागरिक बचत नीति कार्यान्वयन, वित्तीय साक्षरता कार्यक्रम, तालिम तथा क्षमता विकास कार्यक्रम, प्रतिस्पर्धी खुला कोष ( Challenge Fund) , आधार पुँजी ( Start Up Fund) वडामा सफल देखिएका एक कार्यक्रमको विस्तार, नागरिक वचत परामर्श सेवा, स्थानीय उत्पादनलाई इकर्मसको व्यवस्था, Business Plan को मूल्यांकनका आधारमा बीउँ पुँजी कार्यक्रम, प्रतिभामाथि लगानी, दक्ष

जनशक्तिको लगत र कार्य सूची तयार  कार्यक्रममा बजेट विनियोजन गरिएको छ। सहकारी सुशासन तथा साझेदारी कार्यक्रम, उद्यम घर र पैँचो पसल कार्यक्रम, Employment Information Center को स्तरोन्नति , लगानी सम्मेलन आदि कार्यक्रमलाई बजेट बिनियोजन भएका छन।

**पर्यटन, भाषा, संस्कृति संरक्षमा  विनियोजन**

यस क्षेत्रमा  संस्कृति र समुदायमा आधारित होमस्टे संचालन, हिल स्टेशन( Hill Station) स्थापना , पर्यटन दुत नियुक्ति, आँधिखोला करिडोर निर्माण,  चेक ड्याम्प निर्माणको सभ्भाव्यता, शोधपर्यटन, इको भिलेज, प्याराग्लाईडिड, क्यानोइङ, साईक्लिङको निर्माणमा साझेदारी, लोपन्मुख बाजा तथा  संस्कृतिलाई जगेर्ना, सङ्ग्रालयहरुको निर्माणसहित साझेदारीमा बजेट बिनियोजन गरिएको छ। विभिन्न जातिहरुको संस्कृति संरक्षण, सङ्ग्राहल निर्माण, स्थानीय महोत्सवका साथमा पूर्वाधारसहित स्थानीय उत्पादनलाई बढावा दिने गरी नतिजामूलक कार्यक्रममा बजेट विनियोजन भएको छ।

**युवा तथा खेलकूद क्षेत्रमा विनियोजन**

युवा वर्गको भावनालाई सम्बोधन गर्दै पूर्वाधारयुक्त सुविधा सम्पन्न रंगशाला, नगरका नियमित खेलकुद, खेल प्रतिष्ठान निर्माण गर्ने दिशामा बजेटले सम्बोधन गरिएको छ। वडामा खेल मैदान स्थापना, मेयर कप /उप मेयर कप खेलकुद प्रतियोगिता, खेलाडीमाथि लगानीजस्ता कार्यक्रममा बजेट विनियोजन गरिएको छ।

**सामाजिक विकासमा विनियोजन**

आर्थिक सामाजिक रुपले विपन्न वर्गमा  समावेश गरी आय आर्जन, गरीवी न्युनीकरण, रोजगारी प्रवद्र्धन जस्ता कार्यक्रमलाई विशेष प्राथमिताका साथ अगाडि बढाइको छ। महिला र बालबालकिका लागि चेतनामूलक कार्यक्रम, बैकसँगको सहकार्यमा घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण, बिपन्न नागरिकलाई आय आर्जन तथा संरक्षण कार्यक्रम, खरको छानालाई विस्तापित कार्यक्रम,  पीडित महिला तथा बालबालिकाको सुरक्षावास, मनोविमर्श, कानूनी सहयोग, स्वास्थ्य सेवा, महिला हिंसा विरुद्ध तथ्यगत पैरवी, ज्येष्ठ नागरिकहरुम्को सम्मान तगा सेवा कार्यक्रम, प्रविधि हस्तान्तरण तथा महिलाहरुलाई बीउँपुजी कार्यक्रम, हिंसाको अन्त्य र कानुनी साक्षरता कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन गरिएको छ।

**पूर्वाधार विकासमा विनियोजन**

**बिकटलाई निकट** कार्यक्रम लागू गरी नगरभित्रका  पूर्वाधारलाई गुणस्तरीय, पहुँचयोग्य तथा विस्तार गरिने कार्यक्रम अनुसार बजेट विनियोजन गरिएको छ। खानेपानी क्षेत्रमा स्रोतको संरक्षणका लागि Water Mapping/ Audit  कार्यक्रम, 'एक घर एक धारा' सवै वडाहरुमा विस्तार, खानेपानी आयोजनाहरुलाई समितिलाई हस्तान्तरण, नगर यातायात गुरुयोजना, सबै घरधुरीमा विद्युतीकरण र पोल व्यवस्था, Project Bank स्थापना, रणनैतिक सडक निर्माण कार्यक्रम, पहुँच मार्ग निर्माण, वसपार्कको निर्माण,  उज्यालो नगर कार्यक्रम, आँधीखोला करिडोर विस्तार, एक गाउँ एक सिँचाइ योजना, सहकारी तथा समुदायमा आधारित

सिँचाइ प्रणाली कार्यक्रममा बजेट बिनियोजन गरिएको छ। प्रत्येक वडामा पार्क निर्माण, प्रत्येक वडामा रिचार्ज पोखरी, भूक्षय र पैरौ नियन्त्रण (Bio-engineering) कार्यक्रम, कालोपत्रे सडक साझेदारी कार्यक्रम रहेका छन।

**वातावरण, सरसफाई तथा विपद व्यवस्थापनमा विनियोजन**

फोहरलाई मोहरमा रुपान्तरण गरी नागरिकै संलग्नतामा फोहोरमैला प्रशोधन तथा आधुनिक प्रविधि प्रयोग गर्नुका साथै दिसाजन्य लेदो व्यवस्थापन, Zero Waste Concept कार्यान्वयन, प्रविधि खरिद, भूउपयोग नीति योजना कार्यक्रम, विपद व्यवस्थापन केन्द्र स्थापनाका लागि बजेट विनियोजन गरिएको छ।

**जनशक्ति, राजस्व, सुशासन तथा सेवा प्रवाहमा विनियोजन**

यस क्षेत्र अन्तर्गत संगठन र व्यवस्थापन (Organization and Development) अध्ययन, नतिजामा आधारित कार्यसम्पादन सम्झौता (Result Based Performance) डिजिटल शासन (Digital Governance) कार्यक्रम, कर नक्सांकन (Tax Mapping ) कार्यक्रम, आयोजना बैक स्थापना, लगानी सम्मेलन, प्रोत्साहन प्रणाली निर्माण, डिजिटल प्रणालीबाट सेवा प्रवाह, उत्कृष्टताको केन्द्र (Center of Excellence), सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण कार्यक्रम, सूचना प्रविधि अन्तर्गत सेवाको डिजिटाइजेसन कार्यक्रम, मोवाईल एप तथा पोर्टल कार्यान्वयन, Free WIFI Zone कार्यक्रम, अनलाइन भुक्तानी कार्यक्रम, गेटवे मार्फत भुक्तानीको व्यवस्था कार्यक्रम र बजेट व्यवस्था रहेको छ ।

**अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

नगरपालिकाको आ ब २०७९/ ०८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न संघीय, प्रदेश र स्थानीय सरकारको गरी **कूल रु.९१ करोड ८२ लाख २० हजार खर्च हुने अनुमान गरिएको छ। जस मध्ये शिक्षा, स्वास्थ्य कृषि, पशु समेतको चालु तर्फ रु. ४२ करोड ५ लाख ८ हजार रुपैया र पुँजीगत तर्फ रु. ४९ करोड ७७ लाख १२ हजार .खर्च हुने अनुमान गरिएको छ। कुल बजेटमा चालु तर्फ ४५.८० प्रतिशत र पूजिगत तर्फ ५४.२० प्रतिशत रहेको छ**। आगामी आ.व. को व्यय अनुमानको विवरण (खर्च शिर्षकगत र स्रोतगत समेत) विनियोजन विधेयक २०७९ यसै साथ रहेको छ। आ.व.२०७८/०७९ को संशोधित अनुमान र आर्थिक वर्ष २०७८-०७९ को अनुमानित आय व्ययको विवरण अनुसूची – २ मा उल्लेख गरिएको छ।

**अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०७९-०८० को राजश्व नीति प्रस्तुत गर्न चाहन्छु –

स्थानीय सरकारको क्षेत्राधिकार भित्रका करका आधार फराकिलो पार्दै आन्तरिक राजश्व बृद्धि गर्न कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीतिलाई निरन्तरता दिइएको छ । नगरपालिकाले राजश्व परिचालन सम्बन्धी १६ वटा आवश्यक ऐन, नीति, कार्यविधिको निर्माण गरेको छ। यसका साथै १४ वटै वडामा राजश्व संकलन सफ्टवेयरको प्रयोग गरिएको छ र यस सफ्टवेयरमा आर्थिक ऐनमा व्यवस्था गरिएका करका दरहरू प्रविष्ट गरिएका छन । नगरपालिकाले सम्पत्ति कर, भुमिकर, ब्यवसाय करको दर राजश्व प्रक्षेपणमा तथ्यांकीय आधारलाई लिइएको छ। विगतको राजश्व वृद्धिदरको आधारमा नक्सापास, सिफारिस दस्तुरलाई निर्धारण गरिएको छ । कर, ढुङ्गा, गिट्टी, वालुवा विक्री, बहाल विटोरी शुल्कको प्रक्षेपणमा संझौताको आधार लिइएको छ । लमसम वृद्धिदरका आधारमा अनुदान, राजश्व वाँडफाँड, रोयल्टीलाई अनुमानमा प्रक्षेपण गरिएको छ। साथै अनुमानका आधारमा विश्लेषण गरी विज्ञापन कर यकिन गरिएको न्युनतम संकलन हुन सक्ने गरी ठेक्का अंक गणना गरी दर निर्धारण गरिएको छ। नगर क्षेत्रभित्र टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता र नवीकरण वापत सवारी कर लगाउने अधिकार रहेको छ। साथै शून्य प्रक्षेपणमा रहेर राजस्वको नयाँ स्रोतको खोजी गरिएको छ र यसबाट राजस्वको दर होइन, दायरा बढेको छ। यस आबमा राजस्व सुधार कार्ययोजना निर्माण भएकोले यसले सिफारिस गरेका क्षेत्रहरुमा राजस्व नीति परिलक्ष्यित हुनेछन । राजस्व परामर्श समितिबाट सिफारिस भएका राजस्वको क्षेत्र र दायरालाई स्वीकृतिका लागि वालिङ नगरपालिकाको आर्थिक विधेयक २०७९/ ०८० मा प्रस्ताव गरिएको छ।

र राजस्व सम्बन्धी नयाँ कानुन निर्माण हुनेछन। राजस्व प्रशासनलाई Taxation Governance अनुसार Upgrading गर्दै इन्टरनेटको सुविधा विस्तार, कर शिक्षा, Online बाट कर दाखिला, कर स्वयम सेवकको व्यवस्था गरिएको छ। E-payment gateways कार्यान्वयनमा आइसकेको छ। राजस्व सेवालाई जनमुखी बनाउन प्रविधि र सूचनाको प्रयोग अधिकतम गरिएको छ। दर्ता, अनुमती, नविकरण, कर स्वयम् सेवकको परिचालन लगायत सेवालाई छिटोछरितो र प्रभावकारी बनाउदै राजश्वको दायरा तथा प्रशासनिक सुधारबाट थप राजश्व परिचालन गर्ने नीति लिइएको छ।

तसर्थ यस बजेट कार्यान्वयनका लागि त्यसैले वालिङ नगरपालिकाले राजस्व सुधार कार्ययोजना निर्माण गरी आगामी दिनमा आन्तरिक स्रोतको परिचालन गर्न सकिने खाका तयार गरेको छ। आन्तरिक आयको प्रक्षेपण गर्न राजस्व सुधार कार्ययोजनासहित जिम्मेवारी तथा नीतिगत र संस्थागत सुधारको मार्गदर्शन तयार गरिएको छ।

**अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

अन्त्यमा आ. व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम तयारीका क्रममा वस्तीस्तरबाट योजना छनौट प्रक्रियामा सहभागी हुने आम नगरबासीहरु, नगरपालिकाका सम्पूर्ण पदाधिकारीज्यूहरु, सुसूचित गराउने विकास सञ्चारकर्मी, समाज रुपान्तरणको नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै राजनीतिक दलहरुका नेतृत्वगण, समाजका प्रबुद्ध वर्ग, विषयगत कार्यालयका राष्ट्रसेवकहरु, संघ सँस्थाहरु, नगर कार्यपालिकाका राष्ट्रसेवकहरु लगायत सबै सरोकारवाला व्यक्ति तथा निकायहरुको प्रशंसनीय भूमिकाको सम्मान गर्न चाहन्छु । साथै यसको सफल कार्यान्वयन र लक्षित प्रगति हासिल हुन सबैबाट उचित सहयोग, समन्वय र सहकार्यको लागि समेत आहवान गर्दै नगरपालिकाको विकास र नगरवासीको सम्बृद्धि हासिल हुने कार्यमा सबैले विश्वस्त भई सक्रिय सहयोग गरौँ भन्ने अनुरोधका साथ प्रस्तुति टुङ्ग्याउने अनुमति चाहन्छु ।

धन्यवाद!!

**कविता तिवारी**

**उप प्रमुख**

**संयोजक**

**बजेट तथा कार्यक्रम तर्जुमा समिति**